फो.न.०७८-५८०२१०

# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नवलपरासी
## ५ नं. प्रदेश, नेपाल

प.सं: ०७७/०७८(प्रशासन)
च.नं. ११८९

मिति:-२०७७।०५।१४

श्री बर्दघाट नगरपालिका
सबै वडा कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) ।

**विषय :- विवरण अध्यावधिक गर्नुहुन।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ३०० मिति:२०७७।०४।३२ को पत्रको छाँयाप्रति यसै पत्र साथ संलग्न छ । वडा कार्यालय बाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको विवरण अध्यावधिक तथा लगत कट्टा गर्न बाँकी रहेमा यहि भदौ ३० गते भित्र लगत कट्टा गरि विवरण यस कार्यालयमा पठाउनु हुन अनुरोध छ ।

मेघनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशाशकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(सामाजिक सुरक्षा शाखा)

टेलिफोन: ४२००६५१, ४२६४६८।
४२६२०५६, ४२००८९५
फ्याक्स: ४२०००१४

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

८। आ.व. ०७४/७५ र ०७५/७६ को हालसम्म नवीकरण नभई एम.आइ.यस. प्रणालीमा रहिरहेका लाभग्राहीको विवरण यसै साथ संलग्न छ। नवीकरण नभएका लाभग्राहीको विवरण लगत कट्टा गर्नु पर्नेमा हाल सम्म पनि लगत कट्टा नभएको देखिएकाले उल्लिखित विवरण अनुरूप प्रणालीमा रहेका लाभग्राहीको अवस्था यकिन गरी मिति २०७७/०५/३० गते सम्ममा लगत कट्टा साथै विवरण अद्यावधिक गर्ने समय तोकिएको छ। उक्त समयसम्म लगत कट्टा र लगत अध्यवधिक गर्नुहुन अनुरोध छ। उल्लिखित समयसम्म पनि लगत कट्टा र लगत अध्यावधिक नभएमा विभागको प्रणालीमा देखिएका उक्तानुसारका लाभग्राहीको लगत विभागको प्रणालीवाट नै स्वतः कट्टा हुने ब्यहोरा समेत जानकारीकालागि अनुरोध छ।

विष्णु लामिछाने
निर्देशक

Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss.donicr@gmail.com,
vital@donidcr.gov.np, URL:www.donidcr.gov.np

टेलिफोनः ४२००६५१, ४२६४६८१
४२६२०५६, ४२००८९५
फ्याक्सः ४२०००१४

नेपाल सरकार

# गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

(सामाजिक सुरक्षा शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्याः- 066/062
प्राप्त पत्र संख्या र मितिः-
च.नं.- 300

मिति- २०७७/४/३२

**विषयः तथ्याङ्क अध्यावधिक गर्ने सम्बन्धमा ।**

श्री प्रमूख प्रशासकीय अधिकृतज्यू
स्थानीय तह सवै।

प्रस्तुत विषयमा यस विभाग अन्तर्गत सञ्चालित सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यक्रममा पारदर्शीता साथै प्रभावकारिता अभिवृद्धी गर्ने र निकासामा नियन्त्रण गर्ने उदेश्यले सामाजिक सुरक्षा ऐन,२०७५ को दफा १९ र सामाजिक सुरक्षा नियमावलीको नियम १३ अनुसार तपसिल वमोजिमका कार्यहरू गर्नु गराउनुहुन अनुरोध छ।

१। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम दर्ता गरी विभागको एम आइ एस प्रणालीमा अनिवार्य रूपमा प्रविष्टि गर्ने। एम आइ एसमा प्रविष्टि नभई कुनैपनि लाभग्राहिलाई भत्ता वितरण गर्न पाईनेछैन र विभागले निकासा पठाउदा सोही एम आइ यस प्रणालीको विवरणको आधारमा मात्र बजेट निकासाको ब्यवस्था मिलाउनेछ।

२। भत्ता वितरण गर्दा विभागको एम आइ यस प्रणालीको भरपाई भन्दा छुट्टै भरपाई बनाई भत्ता वितरण गरेको समेत जानकारी प्राप्त हुन आएकाले कानून विपरित उक्त तरिकाले भत्ता वितरण नगर्ने नगराउने।

३। विभागको प्रणालीमा धेरै संख्यमा लाभग्राहीको लगत कट्टा गर्नुपर्ने देखिएकोले त्यस्ता लाभग्राहीको लगत कट्टा तुरुन्त गरी के कती संख्यामा लगत कट्टा भयो सो को जानकारी विभागलाई उपलव्ध गराउने ।

४। वडा कार्यालयलाई निकासा उपलब्ध गराउँदा सम्वन्धित वडाको लाभग्राहीको Data Based तथ्याङ्कको आधारमा मात्र वडा अनुसार आवश्यक पर्ने भत्ता रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा माग गर्नुपर्ने ।

५। विवरण अध्यावधिक गर्नुपर्ने देखिएका लाभग्राहीको विवरण अध्यावधिक गर्नुपर्ने।

६। नाम थर, जन्म मिति, नागरिकता परिचयपत्र नं. संरक्षक आदि विवरणका आधारमा दोहोरो देखिएका लाभग्राही विवरण यकिन गरी दोहोरो देखिएको विवरण कट्टा गर्नुपर्ने।

७। जन्म मिति, नागरिकता प्र.प.नं. संरक्षक साथै अभिभावक र अन्य आवश्यक खाली स्थानमा विवरण सही रूपले भर्नुपर्ने।

Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss.donicr@gmail.com,
vital@donidcr.gov.np, URL:www.donidcr.gov.np